# मिथिला नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा

## शिक्षा, युवा तथा खेलकुद शाखा

प्रदेश नं. २, नेपाल

प.सं. - २०७७/०७८

चलानी नं. - १०९ मिति - २०७७।०९।२६

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरू,

मिथिला नगरपालिका, धनुषा ।

विषय - जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित गुनासो सुवाइ कार्यविधि २०७४ मा भएको व्यवस्था बमोजिम प्रत्येक विद्यालयले गुनासो सुनुवाइ समिति गठन गर्ने , गुनासो पेटिका व्यवस्थित रूपमा राख्रे र लैङ्गिक सम्पर्क शिक्षक तोकी सो को जानकारी यस शाखामा ७ (सात) दिन भित्र गराउनु हुन र साथै यस सम्बन्धमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७७/०९/२८ गते मंगलबार बिहान ११:०० बजे जुम (Zoom) मार्फत प्र.अ.हरूलाई विद्यालय पुनः सञ्चालन, गुनासो सुनुवाइ तथा मनोपरामर्श सम्बन्धमा अभिमुखीकरण गर्ने कार्यक्रम रहेको हुँदा सो समयमा अनलाइन मार्फत जोडिनु हुन सम्पूर्ण प्र.अ.हरूमा अनुरोध छ ।

नोट - जुम अइडी - ८४०८७२५९७६३ पास कोडको लागि शाखा सम्पर्क गर्नु हुन ।

बोधार्थ

श्री सूचना प्रविधि शाखा वेवसाइट तथा फेसवुक पेजमा अपलोड गर्नु हुन ।

सीता कुमारी काफ्ले

शाखा अधिकृत

शाखा अधिकृत

Email Address- mithilaedu2074@gmail.com, Facebook page -MinapaShikshaShakha

## परिच्छेद : ४

# गुनासो सुनुवाइसमिति सम्बन्धी व्यवस्था

७. गुनासो सुनुवाइसमितिको गठन :

(१) प्रत्येक विद्यालयले देहायबमोजिमका सदस्य रहनेगरी एक गुनासो सुनुवाइ समिति गठन गर्नुपर्नेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको महिला सदस्य/ संस्थागत तथा वैकल्पिक विद्यालयको हकमा संस्थापक, गुठियार वा निजले तोकेको प्रतिनिधि - संयोजक

(ख) विद्यालयको प्रधानाध्यापक - सह-संयोजक

(ग) शिक्षकअभिभावक संघको अध्यक्षा वा निजले तोकेको प्रतिनिधि - एकजना

(घ) विद्यालयको बालक्लब वा सो नभए विद्यार्थीले आफूहरूमध्येबाट छनौट गरिएका विद्यार्थी प्रतिनिधि दुईजना (१ जना छात्रा र १ जना छात्र) - सदस्य

(ङ) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको न्यायिक समितिले तोकेको सम्बन्धित वडाको महिला सदस्य/ संस्थागत विद्यालयको हकमा अभिभावकको प्रतिनिधि एकजना - सदस्य

(च) गुनासो सुन्ने शिक्षक - सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकताअनुसार स्थानीय प्रहरी कर्मचारी, स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी, गाउँ वा नगरस्तरीय बालसंरक्षण समितिका सदस्य, लैङ्गिक हिंसा विरूद्धको निगरानी समूहका सदस्य, मनोविमर्शकर्ता, सामाजिक कार्यकर्ता, कानुन व्यवसायी र/वा बालसंरक्षणको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा बोलाउन तथा कुनै घटना विशेषमा विशेषज्ञ, स्थानीय तहको शिक्षा हेर्ने अधिकारी र/वा स्रोत-व्यक्तिसमेतको सहयोग लिन सकिनेछ।